(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

२०८२ श्रावण देखि आश्विन मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

(स्वतः प्रकाशन)

# धवलागिरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय


मुना, म्याग्दी

**Website: www.dhawalagirimun.gov.np**

**Email ID: dhawalagirigapa@gmail.com**


२०८२ कात्तिक ०२ गते आईतबार

| सि. नं. | शीर्षक | विवरण |
|---|---|---|
| १ | निकायको स्वरूप र प्रकृति | **१.पृष्ठभूमि**<br>धवलागिरी गाउँपालिका म्याग्दी जिल्लाको उत्तर पश्चिममा रहेको गाउँपालिका हो । नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुनरसंरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका ७ वटा गाविसहरु गुर्जा, लुलाङ, मुना, मुदी, सल्कवाङ, मराङ र ताकम गाविस समायोजन भएर नेपालको संविधानको धारा २९५ उपधारा ३ बमोजिम नेपाल सरकारबाट वि.स. २०७३ साल फाल्गुण २७ गते स्थापना भएको गाउँपालिका हो । यसै गाउँपालिका भित्र रहेको विश्वको सातौ तथा नेपालको छैटौ (८१६७ मि.) अग्लो हिमाल धवलागिरी हिमालको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो ।<br>धवलागिरी गाउँपालिका म्याग्दी जिल्लाको ४५% भु-भाग ओगटेको गाउँपालिका हो । यसले म्याग्दी जिल्लाको कुल २२८६ वर्ग किलोमिटर भु-भाग मध्ये १०३७ वर्ग किलोमिटर क्षेत्रफल ओगटेको छ । यो गाउँपालिका २८ डिग्री २६ मिनेट देखि २८ डिग्री ४८ मिनेट उत्तरी अक्षांस सम्म फैलिएको छ भने ८३ डिग्री ०६ मिनेट देखि ८३ डिग्री ३३ मिनेट पुर्वी देशान्तर सम्म फैलिएको छ । यो गाउँपालिका समुन्द्रि सतहबाट १२०० मिटर देखि ८१६७ मिटर सम्म फैलिएको छ । यसको उत्तर दक्षिण अधिकतम दुरी ४१ कि.मि. तथा पुर्व पश्चिम ५० कि.मि. हवाई दुरी रहेको छ । यो गाउँपालिका मुख्य रुपमा दक्षिण पुर्वि मोहोडा फर्काएर उत्तर पश्चिम तर्फ फैलिएको छ । यो गाउँपालिका पुर्वमा म्याग्दी जिल्लाको रुघुगंगा गाउँपालिका तथा मुस्ताङ जिल्ला पर्दछ, त्यस्तै पश्चिममा रुकुम पुर्व तथा बाग्लुङ जिल्ला पर्दछ । उत्तर तर्फ डोल्पा जिल्ला र दक्षिण तर्फ बाग्लुङ जिल्ला तथा म्याग्दी जिल्लाकै मालिका गाउँपालिका पर्दछ । यो गाउँपालिका ४ वटा जिल्ला संग जोडिएको छ भने २ वटा गाउँपालिका संग जोडिएको छ ।<br>यस धवलागिरी गाउँपालिका ७ वडा मिली बनेको छ, जसमा तपसिल बमोजिमका वडा जनसंख्या र क्षेत्रफल छ र गाउँपालिकाको कार्यालय यसै गाउँपालिका स्थित ३ नं वडा कार्यालय अन्तर्गत घट्टेखोलामा निर्माणाधिन अवस्थामा छ । जस्मा १ नं वडा गुर्जा, २ नं वडा लमसुङ, ३ नं वडा मुना, ४ नं वडा मुदी, ५ नं वडा मल्कवाङ, ६ नं वडा मराङ र ७ नं वडा ताकम गरी कुल जनसंख्या १२६१७ र क्षेत्रफल १०३७ वर्ग कि.मी.मा फैलिएको छ । |
| २ | निकायको काम, कर्तव्य र अधिकार | **प्रमुख कार्यहरु**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउँसभा सञ्चालन कार्यविधि, २०७५, गाउँपालिका (कार्यविभाजन) नियमावली,२०७४, गाउँपालिकाको (कार्य सम्पादन) |

<table>
<tr><td></td><td></td><td>नियमावली, २०७९, गाउँपालिकाको आर्थिक ऐन, २०८२, विनियोजन ऐन, २०८२ तथा अन्य प्रचलित कानुनले तोके अनुसार ।</td></tr>
<tr><td>३</td><td>निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण</td><td>यस धवलागिरी गाउँ कार्यपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत १ जना, अधिकृत ७ औं तह ७ जना, पाँचौं तह ११ जना र चौथो तह २ जना गरी जम्मा २१ जनाको स्थायी दरबन्दी रहेको छ । सो बाहेक रोजगार सहायक, एम.आई.यस अपरेटर, फिल्ड सहायक, कृषि प्राविधिक, पशु प्राविधिक, सामाजिक परिचालक, हलुका सवारी चालक, कार्यालय सहयोगी लगायत कार्यालय सञ्चालन सम्बन्धी विशेषज्ञ सेवा करारमा लिन सकिने व्यवस्था छ । यस धवलागिरी गाउँ कार्यपालिकाको कार्यालय मातहत ७ वडा कार्यालय, ७ स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई २ र गाउँघर क्लिनिक ५ गरी २१ वटा कार्यालयहरु रहेका छन् । गाउँ कार्यपालिका र मातहतका कार्यालयहरुमा छैटौं तह तर्फ ७, पाँचौ तह तर्फ २५, चौँथो तह तर्फ २३ र श्रेणीविहिन १७ जस मध्य ५५ स्थायी दरबन्दी र १७ सेवा करार गरि जम्मा कुल ७२ जना जनशक्तिको दरबन्दी रहेको छ ।</td></tr>
<tr><td>४</td><td>गाउँपालिक ाबाट प्रदान गरिने सेवा</td><td>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४, गाउँपालिका (कार्यविभाजन) नियमावली,२०७४, गाउँपालिकाको (कार्य सम्पादन) नियमावली, २०७९, तथा अन्य प्रचलित कानुनले तोके अनुसार ।<br>• गाउँपालिकाले तयार पारेको नागरिक वडापत्र बमोजिमको सेवाहरु प्रदान गरिएको छ ।</td></tr>
<tr><td>५</td><td>सेवा प्रदान गर्ने निकायको शाखागत जिम्मेवारी</td><td>
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम, थर</th><th>पद</th><th>तह</th><th>सम्बन्धीत शाखा</th></tr>
<tr><td>१</td><td>हरिहर पनेरु</td><td>प्रशासकीय अधिकृत</td><td>सातौँ</td><td>प्रशासन/योजना शाखा</td></tr>
<tr><td>२</td><td>पुरुषोत्तम अधिकारी</td><td>लेखा अधिकृत</td><td>सातौँ</td><td>आर्थिक प्रशासन शाखा</td></tr>
<tr><td>३</td><td>सम्झना खाती क्षेत्री</td><td>जन स्वा. निरिक्षक</td><td>छैटौँ</td><td>स्वास्थ्य शाखा</td></tr>
<tr><td>४</td><td>तिलक शंकर पौडेल</td><td>आ.ले.प. अधिकृत</td><td>छैटौँ</td><td>आन्तरिक लेखा परिक्षण शाखा/राजश्व शाखा</td></tr>
<tr><td>५</td><td>ख्यामराज सुवेदी</td><td>सहायक शिक्षा अधिकृत</td><td>छैटौँ</td><td>शिक्षा, युवा तथा खेलकुद शाखा</td></tr>
<tr><td>६</td><td>लोकेन्द्र बहादुर रावल</td><td>सिनियर सब ईन्जिनियर</td><td>छैटौ</td><td>भौतिक तथा पूर्वाधार शाखा</td></tr>
</table>
</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td>७</td><td>सुरेश कुँवर</td><td>सुचना प्रविधि अधिकृत</td><td>सातौं</td><td>सूचना प्रविधि उपशाखा</td></tr>
<tr><td>८</td><td>मुक्त बहादुर राना</td><td>वरिष्ट प्रशासन सहायक</td><td>पाँचौ</td><td>वातावरण सरसफाई तथा विपद् व्यवस्थापन, सहकारी उपशाखा</td></tr>
<tr><td>९</td><td>चन्द्रकला दाहाल</td><td>पशु सेवा प्राविधिक</td><td>पाँचौ</td><td>पशुपंक्षी विकास शाखा</td></tr>
<tr><td>१०</td><td>कुशल रसाईली</td><td>रोजगार सहायक</td><td>पाँचौ</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम</td></tr>
<tr><td>११</td><td>मनिषा चपाईं आचार्य</td><td>उद्दम विकास सहजकर्ता</td><td>चौंथो</td><td>लघुउद्दम उपशाखा</td></tr>
<tr><td>१३</td><td>रोहन रावत</td><td>कृषि प्राविधिक</td><td>चौंथो</td><td>कृषि शाखा</td></tr>
<tr><td>१४</td><td>तेजिन्द्र पुन</td><td>एम.आई.एस. अपरेटर</td><td>पाँचौ</td><td>पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा</td></tr>
<tr><td>१५</td><td>पुष्पा दवाडी</td><td>स.म.वि. निरिक्षक</td><td>चौंथो</td><td>महिला बालवालिका शाखा</td></tr>
</table>
</td></tr>
<tr><td>६</td><td>सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधि</td><td>दस्तुर र अवधि नागरिक वडापत्रमा उल्लेख गरिएको साथै नागरिक वडापत्र र दस्तुरको विस्तृत विवरण वेवसाइटमा पनि राखिएको छ ।</td></tr>
<tr><td>७</td><td>निर्णय गर्ने प्रक्रिया र अधिकारी</td><td>सामान्य निर्णयहरु टिप्पणीको आधारमा शाख प्रमुखबाट, प्रशासकीय निर्णयहरु प्रमुख प्रशासकीय अधिकृतबाट र अन्य निर्णयहरुको हकमा विषयवस्तु हेरी गाउँपालिका अध्यक्ष, गाउँपालिका उपाध्यक्ष, गाउँ सभा र गाउँ कार्यपालिकाको बैठकबाट गर्ने व्यवस्था रहेको छ । जसलाई क्रमिक रुपमा यसरी हेर्न सकिन्छः<br>• गाउँ सभा<br>• गाउँ कार्यपालिका<br>• गाउँपालिका अध्यक्ष<br>• गाउँपालिका उपाध्यक्ष<br>• प्रमुख प्रशासकीय अधिकृत</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>• शाखा प्रमुख</td></tr>
<tr><td>८</td><td>निर्णय उपर उजुरी सुन्ने अधिकारी</td><td>• गाउँपालिका अध्यक्ष<br>• गाउँपालिका उपाध्यक्ष<br>• प्रमुख प्रशासकीय अधिकृत</td></tr>
<tr><td>९</td><td>सम्पादन गरेको कामको विवरण</td><td>
यस धवलागिरी गाउँ कार्यापालिकाको कार्यालय मातहत रहेका शाखा उपशाखाहरुले सम्पादन गर्ने वार्षिक कार्य योजना तयार गरी स्वीकृत गर्ने गरेको र सोही बमोजिम कार्य सम्पादन हुने गरेको छ ।<br>
क. प्रशासन शाखा<br>
• स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ अनुसार यस गाउँ कार्यपालिकाको कार्यालयमा पाँचौ तहमा कार्यरत प्राविधिक सहायक १, कम्प्यूटर अपरेटर १ र सब ईन्जिनियर १ गरी ३ जना कर्मचारी लाई तहवृद्धि गरिएको ।<br>
• ना.प्रा.स. १, अ.न.मी १ र कार्यालय सहयोगी १ गरि ३ जनाको राजिनामा स्वीकृत भएको ।<br>
• प्रथम त्रैमासिक अवधिमा ३ पटक कार्यपालिका बैठक सञ्चालन गरी विभिन्न महत्वपूर्ण विषयहरुमा छलफल तथा निर्णय गरिएको ।<br>
• यस गाउँपालिका मातहत रहेको ४ नं वडा कार्यालयमा रिक्त रहेको कार्यालय सहयोगि पदको लागि करार सेवा १ जना नियुक्ति गरिएको ।<br>
• कार्यालय अन्तर्गत रिक्त रहेको पदहरुका लागि करार सेवा पदपूर्ति सम्बन्धी सूचना प्रकाशन गरि दरखास्त संकलन गरिएको ।<br>
• गाउँपालिकाबाट विभिन्न कार्यालय तथा मन्त्रालयहरु लाई उपलब्ध गराउने पत्राचार गरिएको ।<br>
• सामाजिक सञ्जाल तथा वेवसाईमा कार्यपालिकाको निर्णयहरु, गाउँपालिका कार्यालयबाट जारी विभिन्न सूचनाहरु, शाखागत प्रतिवेदनहरु राखी प्रचार तथा सार्वजनिक गरिएको ।<br>
ख. आर्थिक प्रशासन शाखा<br>
आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/०६/३१
<table>
<tr><th colspan="3">बजेट</th><th colspan="3">खर्च</th><th rowspan="2">खर्च (%)</th></tr>
<tr><th>चालु</th><th>पूंजीगत</th><th>जम्मा</th><th>चालु</th><th>पूंजीगत</th><th>जम्मा</th></tr>
<tr><td>३४,१३,७१,५६३.००</td><td>१२,४२,३५,०००.००</td><td>४६,५६,०६,५६३.००</td><td>५,९९,२८,२७९.४७</td><td>१२,७८२.००</td><td>५,९९,४१,०६१.४७</td><td>१२.८७</td></tr>
</table>
ग. राजश्व शाखा
<table>
<tr><td colspan="4">आ.व. : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/०६/३१</td></tr>
<tr><td>क्र.सं.</td><td>संकेत</td><td>राजस्व संकलन गर्ने कार्यालय</td><td>जम्मा</td></tr>
</table>
</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| १ | ८०४४४५०२३०० | धवलागिरी गाउँपालिकाको कार्यालय | १,५५,३२५.०० |
| २ | ८०४४४५०२३०१ | १ नं. वडा कार्यालय, गुर्जा | ३६,७४३.६१ |
| ३ | ८०४४४५०२३०२ | २ नं. वडा कार्यालय, लमसुङ | १,९२,८६४.२६ |
| ४ | ८०४४४५०२३०३ | ३ नं. वडा कार्यालय, मुना | १,५८,०००.९३ |
| ५ | ८०४४४५०२३०४ | ४ नं. वडा कार्यालय, मुदी | १,१६,१९४.४८ |
| ६ | ८०४४४५०२३०५ | ५ नं. वडा कार्यालय, मल्कवाङ | १,२६,१४९.२६ |
| ७ | ८०४४४५०२३०६ | ६ नं. वडा कार्यालय, मराङ | १,५३,८२३.८९ |
| ८ | ८०४४४५०२३०७ | ७ नं. वडा कार्यालय, ताकम | २,०२,५८०.७८ |
| **जम्मा** | | | **११,४१,६८२.२१** |

**घ. शिक्षा, युवा तथा खेलकुद विकास शाखाः**

• आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) पहिलो चौमासिक निकासा भएको।

• माध्यमिक तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान(विशेष शिक्षा परिषद अन्तरगतका शिक्षक/कर्मचारीहरु समेत) पहिलो चौमासिक निकासा भएको।

• प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान पहिलो चौमासिक निकासा भएको।

**ङ. पञ्जिकरण तथा सामाजिक सुरक्षा शाखा**

• प्रथम त्रैमासीक सामाजिक सुरक्षा भत्ता वितरण गरिएको।

| सा.सु.किसिम | कुल लाभग्राहि | भुक्तानी सफल | कुल रकम |
|---|---|---|---|
| अन्य जेष्ठ नागरिक भत्ता | 1609 | 1609 | 19265335 |
| जेष्ठ नागरिक भत्ता(दलित) | 274 | 273 | 2167900 |
| जेष्ठ नागरिक एकल महिला | 147 | 147 | 1167740 |
| विधवा | 176 | 176 | 1385860 |
| पूर्ण अपाङ्गता भत्ता | 31 | 31 | 371070 |
| अति अशक्त अपाङ्गता भत्ता | 175 | 175 | 1117200 |
| दलित बालवालिका भत्ता | 464 | 464 | 725966 |
| कुल जम्मा | 2876 | 2875 | 26201071 |

• व्यक्तिगत घटनादर्ता को प्रथम त्रैमासिक प्रगति विवरण

दर्ता मिति २०८२/०४/०१ देखि २०८२/०६/३१ सम्मः

| जन्म | मृत्यु | सम्बन्ध विच्छेद | विवहा | बसाई सरी आएको | बसाई सरी जाने |
|---|---|---|---|---|---|
| ६० | ३० | ११ | २५ | १ | ८ |

**च. महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा**

• जेष्ठ नागरिक परिचय पत्र ३ वटा वितरण गरिएको

• अपाङ्गता परिचय पत्र वर्ग ख को अति अशक्त अपाङ्गता परिचय पत्र ३ वटा वितरण गरिएको

•सडक बालवालिका मुक्त स्थानीय तहा घोषणा कार्यका लागि सूचना प्रकाशन गरिएको

**छ. भौतिक तथा पूर्वाधार विकास शाखा**

• धवलागिरी गाउँपालिकाको आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार भौतिक तथा पूर्वाधार तर्फ मनसुन जन्य विपद्का कारण हुन सक्ने सम्भावित क्षति कम गरि विपद् व्यवस्थापनमा सडक सञ्चालन र बस्ती व्यबस्थापन सम्बन्धी कार्य भइरहेको ।

• अबिरल वर्षाको कारण गाउँपालिका भित्र रहेका वडा तथा बस्तिहरुमा जाने मोटरबाटोहरु अवरुद्ध भएकोले उक्त मोटरबाटो संचालनका लागि प्राविधिकहरुको प्रत्यक्ष फिल्ड अनुगमन गरि लागत ईष्टिमेटको आधारमा अवरुद्ध सडक खोली नेपालीहरुको महान चाडपर्वको समयमा स्थानीयहरुलाई यातायात एवम् सामाग्री ढुवानीमा सहज भएको छ ।

**ज. स्वास्थ्य शाखा**

• २०८२/०४/०१ देखि २०८२/०६/३१ सम्म

| क्रियाकलापको नाम | पटक | कार्यक्रम मिति | कार्यक्रम सञ्चालन स्थान |
|---|---|---|---|
| नियमित तथ्याङ्कको गुणस्तर तथा व्यवस्थापन कार्यक्रम मासिक समिक्षा कार्यक्रम | १ | २०८२/०४/०४ | ध.गा.पा. कार्यालय |
| स्थानीय तहको मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत संस्थागत सुत्केरि संख्या | १२ जना | ०८२/०४/१-०८२/०६/३१ | सबै स्वास्थ्य चौकीमा |
| मानसिक स्वास्थ्य दिवस | १ | २०८२/०५/२५ | सबै वडामा सञ्चालन |
| किशोरी आईरन चक्की वितरण कार्यक्रम | १४४ जना | | सबै वडामा सञ्चालन |
| पोषण कार्यक्रममा स्तनपान सप्ताह दिवस | ७ | | सबै स्वास्थ्य संस्थामा |